# नौगाड गाउँपालिका
**Naugad Rural Municipality**
# गाउँकार्यपालिकाको कार्यालय
**Office of Rural Municipal Executive**
## होपरीगाड, दार्चुला
**Hoparigad, Darchula**

सुदूरपश्चिम प्रदेश, नेपाल
**Sudurpashchim Province, Nepal**

पत्र संख्या / Ref. No.:- २०८२/ ०८३

चलानी नम्बर / Dispatch No.:- ६३

मिति/Date:-२०८२/०४/२३

# कर्मचारी आवश्यकता सम्बन्धि सूचना

**प्रकाशित मिति: २०८२/०४/२३ गते**

नेपाल सरकार र स्वीस सरकारबीच द्विपक्षीय सम्झौता अनुसार सञ्चालित सुरक्षित आप्रावासन (सामी) कार्यक्रम अन्तर्गत नौगाड गाउँपालिका, होपरीगाड, दार्चुलामा सुरक्षित वैदेशिक रोजगारी सम्बन्धि सूचना प्रवाह गर्न तथा वैदेशिक रोजगारी संग सम्बन्धित मुद्दामा सहयोग तथा सहजिकरण, मनोसामाजिक परामर्श सेवा र सुरक्षित वैदेशिक रोजगारी सम्वन्धि सचेतीकरण कार्यक्रम सञ्चालन गर्नका लागि निम्नानुसारको जनशक्तिको आवश्यकता भएकाले योग्य नेपाली नागरिकहरु बाट देहायमा उल्लेखित पदकाहरुका लागि दरखास्त आहान गरिएको छ।

१. विज्ञापन नम्बर: ०२/०८२/०८३

| क्र.सं. | पद | पद संख्या | योग्यता |
|---|---|---|---|
| १ | मनोसामाजिक परामर्शकर्ता (पाँचौ तह) | १ जना | मनोसामाजिक परामर्शकर्ता छनौट गर्दा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गतको राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रले विकास गरेको तथा स्वास्थ्य मन्त्रालयले स्वीकृत गरेको तालिम पाठ्यक्रमले तोकेको योग्यता भएको हुनु पर्नेछ।सो योग्यता निम्नानुसार छः<br>▪ मान्यताप्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट वा स्टाफ नर्स वा मान्यता प्राप्त विश्वद्यालयबाट पब्लिक हेल्थ/नर्सिङ/मनोविज्ञान/ समाजशास्त्र/सोसिएल वर्क/स्वास्थ्य शिक्षा विषयमा स्नातक तह उतीर्ण गरेको वा पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उत्तीर्ण गरेको।<br>▪ मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालीम प्राप्त गरी राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट प्रमाण-पत्र भएको र सोही क्षेत्रमा काम गरेको अनुभवी महिलालाई विशेष प्राथमिकता दिईनेछ।<br>▪ प्रचलित कानून बमोजिम सरकारी सेवाको लागि आवेदन दिन योग्य भएको।<br>▪ कम्प्यूटर सम्बन्धी आधारभूत ज्ञान तथा अनुभव (Word, Excel, PowerPoint, Email/internet) भएको।<br>▪ नेपाली भाषा प्रतिवेदन तयार गर्न सक्ने। |
| २ | रिटर्नी स्वयंसेवक | २ जना | ▪ न्यूनतम् कक्षा ८ उत्तिर्ण गरी वैदेशिक रोजगारी (खाडी मुलुक र मलेसिया) मा गई कम्तीमा १ वर्ष काम गरेको अनुभव भएको।<br>▪ सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ।<br>▪ प्रचलित कानून बमोजिम सरकारी सेवाको लागि आवेदन दिन योग्य। |

८२/०४/२२
प्रमुख प्रशासकीय अधिकृत

नौगाड गाउँपालिका
Naugad Rural Municipality
गाउँकार्यपालिकाको कार्यालय
Office of Rural Municipal Executive
होपरीगाड, दार्चुला
Hoparigad, Darchula

सुदूरपश्चिम प्रदेश, नेपाल
Sudurpashchim Province, Nepal

पत्र संख्या / Ref. No.:- २०८२/ ०८३
चलानी नम्बर / Dispatch No.:- ६३

मिति/Date:-२०८२/०४/२३

१. कार्य अवधिः हाललाई २०८३ असार मसान्त सम्म, कार्यक्रमको आवश्यकता तथा कार्य सम्पादन/मूल्यांकनका आधारमा नवीकरण हुन सक्नेछ।

२. छनौट प्रक्रियाः नौगाड गाउँपालिकाको करार कर्मचारी व्यवस्थापन सम्बन्धि (दोस्रो संसोधन) कार्यविधि २०८० को दफा ४ बमोजिम संक्षिप्त सूची प्रकाशित हुनेछ।

३. परीक्षाको किसिम : संक्षिप्त सूची, मनोसामाजिक परामर्शकर्ताको हकमा (लिखित ,अन्तरर्वार्ता र प्रयोगात्मक) र रिटर्नी स्वयंसेवकको हकमा लिखित र अन्तर्वार्ता।

४. उमेदवारको उमेर हदः मिति २०८२/०५/२३ सम्म १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको।

५. तलव तथा अन्य सुविधाः कार्यक्रमको नियमानुसार।

६. आवश्यक कागजातहरुः माथि उल्लेखित योग्यता पुगेका इच्छुक नेपाली नागरिकले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी, अनुभवको प्रमाणपत्रको प्रतिलिपि र पासपोर्ट साईजको फोटो दुई प्रति साथै आफुले आवेदन दिन चाहेको पद प्रष्ट रुपमा खुलाई निवेदन सहित नौगाड गाउँकार्यपालिकाको कार्यालयमा पेश गर्नुपर्नेछ । तोकिएको समय भन्दा पछि आएका आवेदनहरुलाई छनौट प्रक्रियामा समावेश गरिने छैन।

७. आवेदन शुल्कः मनोसामाजिक परामर्शकर्ताको हकमा रु. १००० तथा रिटर्नी स्वयम सेवकको हकमा रु.५०० आवेदन दस्तुर लाग्नेछ।

८. दरखास्त फारम पाइने स्थानः नौगाड गाउँपालिका प्रशासन शाखा तथा गाउँपालिकाको वेवसाईट www.naugadmun.gov.np बाट पनि डाउनलोड गर्न सकिनेछ।

९. दरखास्त बुझाउने स्थानः नौगाड गाउँपालिका प्रशासन शाखा।

१०.दरखास्त दिने अन्तिम मिति : २०८२/०५/२१ गतेका दिन कार्यालय समय भित्र बुझाउन सकिनेछ आवेदन बुझाउने अन्तिम मितिको दिन सार्वजनिक विदा परेमा विदाको भोलिपल्ट निवेदन बुझाउन सकिने छ।

२०८२।४।२३

पुष्कर सिंह धामी
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः
श्री सुरक्षित आप्रवासन (सामी) कार्यक्रम, सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढी, कैलाली।
श्री सूचना तथा प्रविधि शाखा; सूचना प्रकाशन गर्नहुन।